

प्रतापपुर गाउँपालिका अन्तर्गत एक जना मुस्लीममहिलालाई आयआर्जन सहयोग

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।


यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८१६४११११३
feedback@umn.org.np
feedback.np@umn.org.np
www.umn.org.np/feedback


**साझेदार संस्थाहरु**

सुनवल सामुदायिक विकास केन्द्र

ईन्द्रेणी सामाजिक विकास मञ्च

**कार्यालय**


यू.एम.एन. नवलपरासी पश्चिम क्लष्टर
बर्दघाट नगरपालिका वडा नं. ४
लक्ष्मीनगर, नवलपरासी पश्चिम
फोन नं. ७८ ५९०९७१, ५९०९७२
nawalparasi@umn.org.np
www.umn.org.np






# वार्षिक प्रगति

## यू.एम.एन. नवलपरासी पश्चिम

२०८०/२०८१




रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन

# प्रमुख उपलब्धिहरु

आर्थिक वर्ष २०८०/८१ मा यूनाईटेड मिसन टु नेपाल, नवलपरासी पश्चिम क्लस्टरले दुई वटा साझेदार संस्थाहरु ईन्द्रेणी सामाजिक विकास मञ्च, बर्दघाट र सुनवल सामुदायिक विकास केन्द्र, सुनवल मार्फत कार्यक्षेत्रहरु प्रतापपुर र पाल्हीनन्दन गाउँपालिकाहरुमा ६ वटा परियोजनाहरु संचालन गरेका थिए ।

## परियोजनागत खर्च

कुल खर्च: ६,८४,३०,७८२




- २७ संजाल/समितिको क्षमता विकास र परिचालन
- ३१ विपन्न घरधुरीहरुलाई शौचालय निर्माण गन सहयोग
- ११७ घरधुरीहरुलाई तरकारी बीउबिजन सहयोग
- ५३ विपन्न घरधुरीहरुलाई खानेपानी जडान सहयोग
- ४ गोबर ग्यास निर्माण सहयोग
- १२ किसानहरुलाई कृषि सामाग्रीहरु सहयोग
- १२ विपन्न मुसहर परिवारलाई घरको जग निर्माणमा सहयोग
- १८० विपन्न, दलित विद्यार्थीका लागि विद्यालय सामग्री सहयोग
- ६५ घरधुरीमा हात धुने कनर/ठाउँ सहयोग
- २३८ समूहहरुको क्षमता विकास र परिचालन
- ४ अपाङ्गतामैत्री शौचालय पुनर्निर्माण
- १६७ आयआजन सहयोग
- ६५ बाल र युवा क्लबको क्षमता विकास र परिचालन
- १ गाउँघर क्लिनिक निर्माण

## गृहिणीदेखि सहजकर्तासम्मको यात्रा

३० वर्षीय ममिता कोइरीको (प्रतापपुर गाउँपालिका) आर्थिक अवस्था कमजोर नै छ । छोराछोरीलाई धेरै पढाउन हुँदैन भन्ने समाजमा हुर्किएकी ममितालाई बुबाआमाले कक्षा १० सम्म मात्र पढाएर विवाह गरिदिनु भयो । श्रीमानको घर आएपछि पनि पढ्ने ईच्छा राखेकी हुँदा ११/१२ पढ्ने अवसर पाउनु भयो । पढेर आत्मनिर्भर बन्ने सपना थियो तर परिवार तथा विविध सामाजिक सोंच तथा धारणाले गर्दा घरभित्रै सीमित बस्नुपऱ्यो । घरभित्रै बसिरहँदा उहाँलाई लाग्थ्यो कि पिँजडामा बस्ने सुगा र मेरो जीवनमा खासै फरक छैन ।

यसै क्रममा इन्द्रेणी सामाजिक विकास मञ्च र यू.एम.एन.को साझेदारीमा सञ्चालित पुनर्जीवन परियोजना अन्तर्गत उहाँले शीतल कृषक समूहमा बस्ने अवसर पाउनुभयो । समूहमा बसेसँगै अध्यक्षको जिम्मेवारी समेत पाउनुभयो । समूहमा बसिसकेपछि समूहको मासिक बैठक, समूह अभिमुखीकरण, नेतृत्व विकास, अभिलेखीकरण तथा लेखा व्यवस्थापन, सघन धान खेती, वित्तीय साक्षरता, व्यवसायिक साक्षरता, सिलाई कटाई जस्ता तालिममा सहभागी हुने अवसर पाउनुभयो ।

यसले गर्दा उहाँमा बोल्न सक्ने क्षमता, आत्मनिर्भरता, सानो व्यवसाय गर्ने आँट आयो । अहिले उहाँले सिलाईकटाईबाट मासिक रु ६००० आम्दानी गरिरहनु भएको छ ।

ममिता भन्नुहुन्छ, “आगामी दिनमा अरु दिदीबहिनीहरू जसले केही गर्छु भन्ने सोच राख्नुभएको छ, उहाँहरूलाई सहयोग गर्ने र आत्मनिर्भर बनाउने सोंच राखेकी छु” ।

